नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ६०४ मिति :- २०७०/७/१४

नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत अन्य कार्यालय र इजाजतपत्रप्राप्त "क" वर्ग तथा राष्ट्रिय स्तरका "ख" वर्गका बैंकहरू ।

विषयः **परिवर्त्य विदेशी मुद्रामा ऋृण प्रदान गर्ने बारे ।**

महाशय,

वाणिज्य बैंकहरुवाट विद्युत उत्पादन तथा प्रशारण सम्वन्धी आयोजनाहरुको लागि परिवर्त्य विदेशी मुद्रामा ऋृण प्रदान गर्न सकिने व्यबस्था रहेकोमा अवउपरान्त निजी क्षेत्रमार्फत सञ्चालन हुने पूर्वाधार परियोजना अन्तर्गत सडकमार्ग, केवलकार, रेलवे, फनपार्क, विमानस्थल, फ्लाइ ओभर रोड, टनेल रोडमा समेत देहायका शर्तहरु अन्तर्गत रही परिवर्त्य विदेशी मुद्रामा कर्जा प्रवाह गर्न सक्ने व्यबस्था गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

(क) परियोजनको लागि आवश्यक पर्ने मेशिनरी, उपकरण र सर-सामान आयात गर्न एवं प्रचलित व्यबस्था बमोजिम विदेशी पक्षसंग परामर्श-सेवा, प्राविधिक-सेवा वा अन्य सेवा लिए वापत भुक्तानी गर्नु पर्ने विदेशी मुद्राको लागि यस प्रकारको ऋृण प्रदान गर्न सकिने छ ।

(ख) नेपाली मुद्रामा भुक्तानी गर्ने रकम (NPR denominated payment) का लागि विदेशी मुद्रामा ऋृण प्रदान गर्न पाइने छैन ।

(ग) यस्तो ऋृणको व्याज दर बैंक र ऋृणी दुवैपक्षको सहमतिमा तय गर्नु पर्ने छ ।

(घ) यस्तो ऋृणको सम्भावित विनिमय दर जोखिम सम्बन्धित पक्षहरु स्वयंले व्यबस्थापन गर्नु पर्ने छ ।

भवदीय,

(भिष्मराज ढुंगाना)
का.मु.कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यबस्थापन महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४ श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री बैंक सुपरिवेक्षण विभाग ।
६. श्री वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
७. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
८. श्री सूचना प्रविधि विभाग ।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
१०. श्री डेभलपमेन्ट बैकर्स एशोसिएशन, पो.व.नं. २१०२६, अनामनगर, काठमाण्डौ ।